# स्थानीय राजपत्र

भाग-२ खण्ड ४ संख्या १

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

**"लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७"**

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

# बागलुङ नगरपालिका

# लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि २०७७

भाग-२ खण्ड ४ संख्या: १ (२९ पौष २०७७)

नेपालको संबिधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनःस्थापना गर्ने कार्यका लागि नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई सहयोग उपलब्ध गराउने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि वागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी वागलुङ नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७ वनाएको छ।

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि,२०७७ रहेको छ ।

यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुने छ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क। "कार्यालय" भन्नाले वागलुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख। "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

ग. "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ । सो शब्दले घरेलु हिंसाबाट पीडित र प्रभावितलाई समेत जनाउँछ ।

घ. "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

ङ. "राहत समिति" भन्नाले नियम ६ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

च. “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सामाजिक कुरितीजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा संझनु पर्छ।

**३) कोषको स्थापना :**

(१) लैङ्गिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनर्स्थापना गर्ने काम समेतका लागि वागलुङ नगरपालिकाले एक हिंसा निवारण कोष खडा गरेको छ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

ख) वागलुङ नगरपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम

ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम

घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम

ङ) बैंक खातामा रहेको मौज्दात बाट प्राप्त ब्याज रकम

**४) कोषमा रकम जम्मा गर्ने:-**

वागलुङ नगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी आवश्यकता अनुसार कोषमा रकम जम्मा गर्नेछ।

**५) कोषको उपयोग :-** (१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ:-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

(घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

(ङ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

(च) सीपमुलक तालिम प्राप्त पिडितलाई स्वरोजागारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,

(छ) पीडित र प्रभावितका लागि पुनस्थापना गराउन,

(ज) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

**६) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने**

(१) कोषको रकम नियम ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

**७) राहत तथा आर्थिक समितिको गठनः** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक राहत समिति रहनेछ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) न्यायिक समितिको संयोजकले तोकेको १ जना न्यायिक समितिको सदस्य - सदस्य

(ङ) कानून अधिकृत १ जना - सदस्य

(च) महिला हिंसा विरुद्ध तथा मानव अधिकारको क्षेत्रमा कार्यरत व्यक्ति - सदस्य

छ) महिला बालबालिका तथा समाजकल्याण उपशाखाको कर्मचारी १ जना - सदस्य सचिव

(३) राहत समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ।

(४) राहत समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८) **समितिको काम,कर्तव्य र अधिकार:-**समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) लैङ्गिक हिंसा पिडित तथा प्रभाविको उद्धार गर्ने , पुनर्स्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ,

ख) लैङ्गिक हिंसा पिडित तथा प्रभाविको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभाविका राहत तथाआर्थिक सहयोग उपलब्ध गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ,

ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ,

च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने ,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ,

ज) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने ,

झ) लैङ्गिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने ,

**९) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा

आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ -

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनुपर्ने भएमा प्रतिदिन एकहजार रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन एक हजार रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैया,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ।

**१०) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

(१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथाआर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा (७) बमोजिम कोष संचालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा दफा (७) बमोजिम कोष

संचालन समिति बाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनुपर्नेछ।

**११) थप रकम निकासा माग गर्न सक्ने:-** (१) राहत समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सो को कारण खुलाई नगर कार्यपालिकासँग थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ।

**१२) छुट्टै खाता खोल्नु पर्ने:** (१) नगर सभाबाट कोषको लागि विनियोजन भएको रकम कार्यालयको नाममा कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

**१३) कोषको लेखा र लेखा परिक्षणः**(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

**१४) आवर्ति (रिभल्भीङ) कोषः** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ।

**१५) प्रतिवेदन पेश गर्नेः** (१) राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकामा समक्ष पेश गर्नु पर्नेछ।

(२) राहत समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन मन्त्रालयमा समेत पेश गर्नु पर्नेछ।

(३) मन्त्रालयले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ।

**१६) बैठक भत्ताः** राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउने छन्।

**१७) निर्देशन दिन सक्नेः** (१) कार्यपालिकाले राहत समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु राहत समितिको कर्तव्य हुनेछ

**१८)** यस कार्यविधिको व्याख्या र आवश्यकता अनुसार संशोधन गर्ने अधिकार नगर कार्यपालीकालाई हुने छ।

प्रमाणिकरण

जनकराज पौडेल

नगर प्रमुख

प्रमाणिकरण मिति २०७७ साल पौष २९ गते रोज विहिवार

आज्ञाले

शिव प्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत